धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३२२ ◆ २०८३ जेष्ठ २५ गते सोमबार, Monday, June 8, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/–

## रास्वपा दाङ सभापतिमा खनाल निर्वाचित

दाङ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दाङको सभापतिमा किरण खनाल निर्वाचित हुनुभएको छ।

निर्वाचन समितिका संयोजक लोकमान रिजालका अनुसार सभापतिमा निर्वाचित खनालले १९६ मत प्राप्त गर्नुभएको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वी विनय घिमिरेले १२४ मत प्राप्त गर्नुभएको छ।

सभापति पदका अर्का उम्मेदवार केदार रजौरेले छ र किरणकुमार आचार्यलेले दुई मत प्राप्त गर्नुभएको छ। उपसभापति पदमा निराजन थापा विजयी हुनुभएको छ। उहाँले २४१ मत प्राप्त गर्नुभएको थियो भने उहाँका निकटतम प्रतिद्वन्द्वी सुनिता रावतले ८० मत प्राप्त गर्नुभएको थियो। त्यसैगरी, सचिवमा असीम भुसाल निर्वाचित हुनुभएको छ। उहाँले २०० मत प्राप्त गर्नुभयो भने अर्का उम्मेदवार बलीराम खत्रीले १२३ मत प्राप्त गर्नुभएको थियो।

सहसचिवमा प्रमिला रोका विजयी हुनुभएको छ। उहाँले १४८ मत प्राप्त गर्नुभएको छ उहाँका प्रतिद्वन्द्वीद्वय क्रमशः दीपक गैरेले १०८ र सोमराज बस्नेतले ६३ मत प्राप्त गर्नुभएको छ।

## मेचीनगरमा १५ फिट लामो अजिंगर फेला

सुरुङ्गा। झापाको मेचीनगर नगरपालिका-४ स्थित माताचोक नजिक गोरेटो बाटो छेउमा १५ फिट लामो अजिङ्गर सर्प फेला परेकामा उद्धार गरिएको छ।

गएराति करिब ११ बजे स्थानीय वासीले अजिङ्गर देखेपछि तत्काल प्रहरी चौकी बाहुनडाँगीलाई जानकारी गराएका थिए। सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेर सुरक्षित रूपमा उद्धार गरी प्रहरी चौकी बाहुनडाँगीमा राखिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुमन बानियाँले जानकारी दिनुभयो। उहाँका अनुसार अजिङ्गरको उद्धार तथा व्यवस्थापनका लागि डिभिजन वन कार्यालय बाहुनडाँगीसँग समन्वय गरिएको छ।

यहाँ वन क्षेत्र नजिकका बस्तीमा बेलाबेला अजिङ्गर, हात्ती तथा अन्य वन्यजन्तु प्रवेश गर्ने गरेका छन्। प्रहरीले यस्ता वन्यजन्तु देखिएमा नजिक नजान र तत्काल सम्बन्धित निकायलाई खबर गर्न स्थानीयलाई आग्रह गरेको छ।

## नेपाल-भारत सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। परराष्ट्रमन्त्री शिशिर खनालले वर्तमान सरकार गठनपछि पहिलोपटक भारतको औपचारिक भ्रमण गर्नुभएको छ।

भारतका विदेशमन्त्री डा एस जयशङ्करको निमन्त्रणामा गत शुक्रबार नयाँदिल्ली पुग्नुभएका मन्त्री खनालले शनिबार आफ्ना समकक्षीसँग प्रतिनिधि मण्डलस्तरीय वार्ता गर्नुभयो।

वार्तामा विकास सहकार्य, सम्पर्क सञ्जाल विस्तार, व्यापार तथा पारवहन, ऊर्जा र जनस्तको सम्बन्धलाई अझ उन्नत तुल्याउनेलगायत विषयमा छलफल भएको थियो।

वार्तामा नेपाल-भारत सम्बन्धका समग्र पक्षको समीक्षाका साथै आपसी हितका क्षेत्रीय तथा बहुपक्षीय विषयमा विचार आदानप्रदान भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

मन्त्रीद्वयले विभिन्न क्षेत्रमा भएको द्विपक्षीय सहकार्यको प्रगतिप्रति सन्तोष व्यक्त गर्दै नवप्रवर्तन तथा स्टार्टअप, डिजिटल तथा वित्तीय क्षेत्रमा गरिएका सहकार्यका प्रयासको स्वागत गर्नुभएको थियो। दुवै पक्षले नेपाल-भारतबीचको बहुआयामिक साझेदारीलाई अझ सुदृढ बनाउँदै नयाँ उचाइमा पुर्‍याउन प्रयास तीव्र पार्ने सहमति जनाएका छन्। नेपाल-भारत पारस्परिक कानुनी सहायता सम्झौता (एमएलएए) कार्यान्वयनका लागि आवश्यक आन्तरिक प्रक्रिया पूरा भएकामा दुवै पक्षले त्यसको स्वागत गरेका छन्। उक्त सम्झौताले सीमापार अपराधसँग सम्बन्धित अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाहीलाई प्रभावकारी बनाउन संस्थागत कानुनी आधार प्रदान गर्ने छ।

द्विपक्षीय वार्तापश्चात् भारतका विदेशमन्त्री डा जयशङकरले परराष्ट्रमन्त्री खनाललाई भारतको सन् २०१५ को 'भूकम्पपछिको पुनःनिर्माण सहयोग' कार्यक्रमअन्तर्गत सम्पन्न ७२ स्वास्थ्य संस्था र १२ सांस्कृतिक सम्पदा क्षेत्रका परियोजना हस्तान्तरण गर्नुभएको थियो।

नेपाल-भारतबीच सीमापार व्यक्तिगत विप्रेषणलाई सहज बनाउन मन्त्रीद्वयले संयुक्त रूपमा भारतको 'युनिफाइड पेमेन्ट्स इन्टरफेस' (युपिआई) र नेपालको 'नेशनल पेमेन्ट्स इन्टरफेस' (एनपीआई) बीच 'पियर-टु-पियर' (पीटुपी) आबद्धताको शुभारम्भ गर्नुभएको थियो। त्यसैगरी 'भोइस फर्स्ट' भाषा अनुवाद प्लेटफर्मका लागि राष्ट्रिय डिजिटल पूर्वाधार सह-निर्माण गर्ने उद्देश्यसहित डिजिटल 'इण्डिया भाषिनी' र काठमाडौं विश्वविद्यालय बीच भएको समझदारीपत्रमा हस्ताक्षर भएको छ।

नयाँदिल्लीमा रहँदा परराष्ट्रमन्त्री खनालले भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल तथा भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा. विजय चौथाईवालेसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो। भ्रमणले दुवै देशका जनताको आकाङ्क्षाअनुरूप द्विपक्षीय साझेदारी विस्तार गर्ने विषयमा विचार आदानप्रदानको अवसर प्रदान गर्नुका साथै त्यस दिशामा भइरहेका प्रयासमा नयाँ ऊर्जा थपेको छ। भ्रमणले दुई मित्रवत् छिमेकीबीचको नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई पनि सुदृढ बनाएको छ। भारतले 'छिमेक पहिले'परराष्ट्र नीतिअन्तर्गत नेपालसहित दक्षिण एसियाका छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई उच्च प्राथमिकता दिँदै आपसी विश्वास, सम्पर्क सञ्जाल, व्यापार, विकास साझेदारी र जनस्तरीय सम्बन्धलाई सुदृढ बनाउने प्रयत्न गर्दै आएको छ।

## रास्वपा सिन्धुलीको सभापतिमा बस्नेत

कमलामाई। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सिन्धुलीको सभापतिमा अविनाश बस्नेत निर्वाचित हुनुभएको छ। प्रथम जिल्ला अधिवेशनमा सहमति जुट्न नसकेपछि सभापतिसहित पदाधिकारी तथा केही सदस्य पदका लागि निर्वाचन गरिएको थियो।

शनिबार सम्पन्न निर्वाचन अनुसार सभापतिमा बस्नेतले एक सय ८१ मत प्राप्त गर्नुभयो भने उहाँका निकटतम प्रतिस्पर्धी वृखबहादुर बम्जन (अशोक)ले ८८ मत र अर्का प्रतिस्पर्धी कर्णबहादुर कार्कीले चार मत प्राप्त गर्नुभयो।

उपसभापतिमा रामचन्द्र अधिकारी एक सय तीन मतसहित निर्वाचित हुँदा प्रतिस्पर्धी सागर खत्रीले ९२ र दिलीपजंग थापाले ६६ मत प्राप्त गर्नु भयो। सचिवमा लालप्रसाद देवकोटा (एलपी) एक सय ८६ मतसहित विजयी हुँदा प्रतिद्वन्द्वी रोमबहादुर देवकोटा (सुवास)ले ७१ मत प्राप्त गर्नुभएको थियो। सह-सचिवमा दिनेशप्रसाद सापकोटा (मोटु) एक सय ३० मतसहित निर्वाचित हुनुभयो भने निकटतम प्रतिस्पर्धी रमेश खत्रीले एक सय १६ मत प्राप्त गर्नुभयो।

खुला सदस्यमा दिवस पहाडी तथा दलित सदस्यमा कुमार रसाइली निर्वाचित हुनुभएको छ। महिला सदस्यतर्फ सूर्यकुमारी गौतम र सुनिता गजुरेल निर्विरोध निर्वाचित हुनुभयो।

सभापति पदमा पराजित भए पनि धेरै मत प्राप्त गर्नुभएका बम्जन (अशोक) विधानअनुसार जिल्ला समिति सदस्य बन्नु भएको छ। अन्य दुई सदस्य भने जिल्ला समितिको पहिलो बैठकबाट मनोनयन गरिने जनाइएको छ।

क्षेत्र नं १ को संयोजकमा मनिष कार्की र क्षेत्र नं २ को संयोजकमा कैलाश थापा निर्वाचित हुनुभएको छ।

## जनस्वास्थ्यमा सुधार ल्याउन सरकार प्रतिबद्ध छः स्वास्थ्यमन्त्री मेहता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले खाद्यजन्य रोग गम्भीर जनस्वास्थ्य चुनौतीका रूपमा रहेकाले त्यसको सामनाका लागि जनस्वास्थ्यमा आवश्यक सुधार गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

विश्व खाद्य स्वच्छता दिवसको अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै उहाँले खानपानको सुनिश्चिता मार्फत जनस्वास्थ्य सुधार ल्याउन सरकार सदैव प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले सरकारले खाद्य स्वच्छतालाई सुदृढ बनाउन खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रभावकारी कार्यन्वयनलाई उच्च प्राथमिकता राखिएको बताउनुभयो।

यसका साथै खाद्य परीक्षण प्रयोगशालाको सबलीकरण, जोखिममा आधारित बजार अनुगमन र नीतिगत सुधारका कार्यलाई तीव्रता दिइने शुभकामना उल्लेख गरिएको छ। खाद्यपदार्थको उत्पादनदेखि उपभोगसम्मको सबै प्रक्रियामा स्वच्छता कामय राख्नु सरकारको जिम्मेवारी रहेको उल्लेख गर्दै मन्त्री मेहताले यसका लागि असल कृषि अभ्यास, असल उत्पादन अभ्यास र उचित भण्डारण जस्ता विधिहरू अवलम्बन गर्न जरुरी रहेको बताउनुभएको छ।

उहाँले असल अभ्यासले बजारमा गुणस्तरीय खाद्यपदार्थको उपलब्धता सुनिश्चित गर्नुका साथै अस्वस्थ्यकर खानपानबाट हुने मानवीय क्षति र आर्थिक भारलाई कम गर्ने उल्लेख गर्नुभयो। मन्त्री मेहताले यस दिवसले खाद्य शृङ्खलामा आबद्ध उत्पादक, व्यवसायी तथा उपभोक्तालगायत सबै सरोकारवालाई स्वच्छ खानपानको महत्त्व आत्मसात गर्न र आआफ्नो भूमिकाप्रति थप जिम्मेवार बन्न प्रेरणा मिलोस् भन्ने कामनासमेत गर्नुभएको छ।

आज नेपालसहित विश्वभर 'सबैतिर स्वच्छ खानपान, खाद्यजन्य समस्याको पहिचान' भन्ने मूल नाराका साथ दिवस मनाइँदै छ।

विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदन अनुसार प्रत्येक वर्ष ६० करोड मानिसले दूषित खानाका कारण बिरामी पर्ने र चार लाख २० हजार मानिसले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेको छ।

## अछाममा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु, दुई घाइते

अछाम। अछामको कमलबजार नगरपालिका- ७ स्थित क्वाल्लेखमा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

गएराति तुर्माखाँद गाउँपालिका-३ निवासी २६ वर्षका पुष्प बुढाले चलाएको से १ ज ६१३ नम्बरको जीप दुर्घटना हुँदा कमलबजार नगरपालिका-७ का ३४ वर्षीय कर्ण भाटको मृत्यु भएको हो।

जिप सडकबाट दुई सय मिटर तल खसेको थियो। दुर्घटनामा गम्भीर घाइते हुनुभएका भाटको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालका प्रमुख प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिनुभयो। इलाका प्रहरी कार्यालय कमलबजारबाट प्रहरी निरीक्षक सरोजकुमार



कैलाको कमाण्डमा गएको प्रहरी टोलीले घाइतेको तत्काल उद्धार गरी उपचारका जिल्ला अस्पताल मङ्गलसेन लगिएको थियो।

दुर्घटनामा अन्य दुई जना घाइते भएका छन्। घाइते हुनेमा मृतक भाटका १३ वर्षीय छोरा मीनबहादुर भाट र सोही ठाउँका ३० वर्षीय बद्री भाट रहेका छन् भने दुवै जनालाई थप उपचारका लागि प्रादेशिक अस्पताल सुर्खेत रेफर गरिएको प्रहरीले जनाएको छ। जिप चालक प्रहरीको नियन्त्रणमा रहेका छन्।

## कास्की प्रहरीको स्विप अप्रेसन, ४० जना कारबाहीमा

गण्डकी। समाजमा अवैध गतिविधि, गुण्डागर्दी र शान्तिसुरक्षामा खलल पुर्‍याउने कार्यविरुद्ध जिल्ला प्रहरी कार्यालयले सञ्चालन गरेको 'स्विप अप्रेसन' अन्तर्गत शनिबार जिल्लाका विभिन्न स्थानबाट ४० जनालाई नियन्त्रणमा लिई कारबाही गरिएको छ।

वडा प्रहरी कार्यालय बैदामबाट खटिएको टोलीले पोखरा महानगरपालिका-१७ दोबिल्लामा जाँच गर्दा मादकपदार्थ सेवन (मापसे) गरी सवारीसाधन चलाउने दुई जना र ट्राफिक नियम उल्लङ्घन गर्ने आठ जनालाई कारबाही गरिएको हो।

पोखरा-२३ र २४ को घाँटीछिना क्षेत्रमा मापसे गरी सवारीसधान चलाएका नौ जना र ट्राफिक नियम उल्लङ्घन गर्ने दुई जनालाई कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो। यस्तै, वडा प्रहरी कार्यालय बगरबाट खटिएको टोलीले पोखरा-१६ अकलामा लागुऔषध सेवन गरी सवारी साधन चलाउने एक जना, मापसे गरी सवारीसाधन चलाएका तीन जना र ट्राफिक नियम उल्लङ्घन गर्ने चार जनालाई कारबाही गरिएको हो।

माछापुछ्रे गाउँपालिका-८ भेडाभारीमा मापसे गरी सवारीसाधन चलाएका चार जना, स्वरूप परिवर्तन गरी सवारीसाधन चलाउने एक जना र ट्राफिक नियम उल्लङ्घन गर्ने छ जनालाई नियन्त्रणमा लिई कारबाही गरिएको प्रहरी नायब उपरीक्षक पासवानले बताउनुभयो। गण्डकी प्रदेश प्रहरी कार्यालयको केनाइन शाखाबाट परिचालित कुकुर सहितको टोलीले सवारीसाधनको जाँच गरेको थियो। प्रहरीले रातको समयमा होहल्ला गर्ने, सार्वजनिक शान्ति सुरक्षामा खलल पुर्‍याउने, गाँजालगायत अवैध लागुऔषध सेवन र जुवा खेलाउने जस्ता अवैध गतिविधिमा संलग्नलाई नियन्त्रणमा लिन 'स्विप अप्रेसन' सञ्चालन गर्दै आएको छ।

मदिरा र गाँजाजन्य पदार्थ सेवन गरेकालाई सम्झाइबुझाइ अभिभावकलाई जिम्मा लगाउने गरिएको प्रहरीले जनाएको छ। आपराधिक पृष्ठभूमि भएका, पटके रूपमा यस्ता क्रियायाकलापमा संलग्न र जाँचका क्रममा प्रहरीलाई उल्टै दुर्व्यवहार गर्ने व्यक्तिलाई अदालतमा मुद्दा दर्ता गरी कानुनी कारबाही प्रकृया अगाडि बढाउने गरिएको छ।

सम्पादकीय ....

## राज्य उत्तरदायि बन्नुपर्छ

नेपाल सरकारले हालै प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को बजेटमा शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई समेत राजस्व सङ्कलनको स्रोतका रूपमा राख्दै तीन प्रतिशत कर लगाउने व्यवस्था प्रस्ताव गरिएको छ । यस कदमले संविधानले आत्मसात् गरेको लोककल्याणकारी राज्यको मर्म र भावनाप्रति पर्याप्त संवेदनशीलता देखाउन नसकेको आभास हुन्छ । र जस्व सङ्कलन राज्यका लागि अपरिहार्य भए पनि नागरि कका आधारभूत अधिकारसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई मुख्यतः कर असुलीको माध्यमका रूपमा होइन; मानव पुँजी विकासमा गरिने दीर्घकालीन लगानीका रूपमा हेर्नु लोककल्याणकारी राज्यको मूल मान्यता हुनु पर्छ । अर्थमन्त्रीले यस विषयमा उठेका प्रश्नमा 'समता कोष' स्थापना गर्न लगाइएको 'प्रगतिशील कर' हो भन्ने जवाफ दिनुभएको पाइन्छ ।

'समता कोष' भन्नाले विभिन्न प्रदेश, स्थानीय तह वा क्षेत्रबिच रहेको आर्थिक तथा विकासगत असमानता कम गर्न सरकारले स्थापना गर्ने विशेष कोषलाई जनाउँछ । प्रगतिशील कर भन्नाले आय, सम्पत्ति वा आर्थिक क्षमता बढ्दै जाँदा करको दर पनि क्रमशः बढ्दै जाने कर प्रणालीलाई बुझिन्छ । यसको मूल सिद्धान्त 'धेरै कमाउनेले धेरै कर तिर्ने र कम कमाउनेले कम कर तिर्ने' भन्ने हो । अर्थशास्त्रको सिद्धान्तबाट यो राम्रो कर नीतिभित्र पर्छ ।

कर नीति निर्माण गर्दा सरकारले केवल र जस्व वृद्धिको लक्ष्य मात्र होइन; देशको सामाजिक, आर्थिक तथा संवैधानिक यथार्थलाई पनि गम्भीरतापूर्वक विचार गर्नु पर्छ । विशेषतः अर्थमन्त्रीले कुनै नयाँ कर प्रस्ताव गर्नुअघि त्यसको प्रभाव नागरिकको आधारभूत अधिकार, सेवा पहुँच तथा सामाजिक न्यायमा कस्तो पर्छ भन्ने विषयको वस्तुनिष्ठ मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । अर्थशास्त्रीय दृष्टिले पनि शिक्षा र स्वास्थ्यलाई साधारण उपभोगका वस्तुभन्दा फरक रूपमा हेरिन्छ । यी क्षेत्र मानव पुँजी निर्माणका आधार हुन् ।

नेपालमा निजी विद्यालय र निजी स्वास्थ्य संस्थाको सेवा लिने अधिकांश नागरिक के वास्तवमै आर्थिक रूपमा सम्पन्न छन् ? नेपालको सामाजिक तथा आर्थिक यथार्थलाई नजिकबाट हेर्ने हो भने यसको उत्तर फरक देखिन्छ । निजी विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थी धनी परिवारका सन्तान हुन् भन्ने धारणा वास्तविकतासँग मेल खाँदैन । नेपालको ठूलो जनसङ्ख्या अझै पनि निम्न तथा मध्यम आय वर्गमा आधारित छ । गाउँदेखि सहरसम्मका थुप्रै अभिभावक आफूले जीवनमा शिक्षा प्राप्त गर्ने अवसर गुमाएका, आर्थिक अभावका कारण विभिन्न दुःखकष्ट भोगेका र सीमित आम्दानीमा जीवनयापन गरिरहेका हुन्छन् । यस्ता अभिभावकको एउटै सपना हुन्छ- आफूले भोगेको अभाव र दुःख आफ्ना छोराछोरीले भोग्न नपरोस् । यही उद्देश्यले उनीहरू आफ्नो व्यक्तिगत आवश्यकता कटौती गरेर, आधा पेट खाएर, अतिरिक्त श्रम गरेर वा ऋणसमेत लिएर भए पनि आफ्ना सन्तानलाई निजी विद्यालयमा अध्ययन गराउने प्रयास गरिरहेका हुन्छन् ।

स्वास्थ्य क्षेत्रको अवस्था पनि धेरै हदसम्म यस्तै छ । निजी अस्पताल वा स्वास्थ्य संस्थामा उपचार गर ाउन पुग्ने सबै बिरामी आर्थिक रूपमा सबल छन् भन्ने निष्कर्ष निकाल्नु गलत हुन्छ ।

## विकास पर्खाइमा मुठाचौर

डम्मर बुढामगर

हरियाली आलु बारी । भखरै उम्रिँदै गरेका मकै । वरपर चारैतिर पालुवा पलाएपछि रमणिय बनेको छ, मुठाचौर । समुन्द्री सतहदेखि करिब तीन हजार मिटरको उचाइमा रहेको मुठाचौर बागलुङको उच्च स्थानमा रहेको बस्ती हो । प्राकृतिक सुन्दरताले भरिएको मुठाचौर विकासका हिसाबले भने ओझेलमै छ । तमानखोला गाउँपालिका-२ मा पर्ने यस गाउँमा अहिलेसम्म खानेपानी र विद्युत्को सुविधा पुगेको छैन । भौगोलिक विकटता र जटिल भुगोलका कारण सास्तीमा रहेका नागरिक वर्षौंदेखि विकासको आशमा छन् । परम्परागत खेतीपाती र पशुपालन गरेर जीविन चलाइरहेका स्थानीय आफ्नै सुरमा छन् ।

तीन वर्ष अगाडि गाउँपालिकाले सडक सञ्जालले जोडे पनि अरु विकास हुन सकेको छैन । सडक पनि त्यति व्यवस्थित छैन । यसका कारण बेलाबेला दुर्घटना हुने गरेको छ । मुठाचौरलाई मौलिक बस्तीका रुपमा लिने गरिन्छ । यहाँ बनेका घर, भवन र अन्य संरचना पनि परम्परागत छन् । ढुङ्गा, माटो र खरले बनेका घर यहाँ पुग्ने जो कोहीलाई आकर्षक लाग्छ । खासगरी घुम्ती बसाइँका रुपमा तमानखोला गाउँपालिका-२ भयरबोङ्गा, कटेरीलगायतका गाउँका स्थानीय यहाँ बस्ने गर्छन् ।

बाह्रै महिना बस्नका आधारभूत आवश्यक पुरा गर्न समस्या हुने हुँदा स्थानीय बर्खाको चार महिना मात्रै मुठाचौरमा बस्ने गर्छन् ।

यहाँ आलु, मकै, सिमी लगायतका खाद्यन्न राम्रो उत्पादन हुन्छ । तर बजारीकरण भने हुन सकेको छैन । वस्तुभाउ पाल्ने र सामान्य जीवनयापन गर्दै आएका स्थानीयले विद्युत, खानेपानी र व्यवस्थित सडक हुने पर्ने माग गर्दै आएका छन् । मुठाचौरमा बाह्रै महिना बस्नका लागि राज्यले सुविधा दिनु पर्ने स्थानीय बेगबहादुर विकले बताउनुभयो । उत्पादनका हिसाबले मुठाचौर निकै उर्वर रहेको भन्दै यहाँ बस्नका लागि निकै उपयुक्त रहेको उहाँको भनाइ छ ।

विकले भन्नुभयो, "यहाँ बसोबास गर्न थालेको धेरै वर्ष भयो, धेरैजसो गाउँले बर्खाको समयमा यहाँ बस्छन् तर विकास भने हुन सकेको छैन । मोटरबाटो आएको पनि धेरेल समय भएको छैन, बाह्रै महिना गाडी पनि चल्न सक्दैन, बर्खाको समय रासन पानी सबै मान्छेले बोकेर ल्याउनुपर्छ, यो मोटरबाटो राम्रो भए त उहिले जमानाको जस्तो सामान बोकेर ल्याउनुपर्ने थिएन ।"

मुठाचौर उर्वर मात्रै छैन । प्राकृतिक सुन्दरताका हिसाबले पनि मनमोहक छ । मुठाचौरबाट उच्च पहाडी क्षेत्रसँग धौलागिरी, माछापुच्छ्रेलगायतका हिमश्रृङ्खला नजिकैबाट नियाल्न सकिन्छ । समय-समयमा आन्तरिक पर्यटक घुम्न आउने गर्छन् तर विद्युत्को सुविधा नहुँदा बास बस्न मान्दैनन् । अहिलेसम्म विद्युत्को सुविधा नहुँदा दियालो बालेर रात बिताउनुपर्ने बाध्यता रहेको स्थानीय देवीसरा सुनारले बताउनुभयो । बेंशी ( भयरबोङ, कटेरी गाउँ) झर्दा बिजुली बाल्ने बानी परेको भन्दै मुठाचौरमा अँध्यारोमा बस्दा गाहे हुने उहाँले गुनासो गर्नुभयो । "यहाँ (मुठाचौर)मा मान्छे बस्न थालेको सयौं वर्ष भयो तर पनि बिजुलीको सुविधा अहिलेसम्म आउन सकेको छैन, सरकारलाई बिजुली चाइयो भनेर माग त गरेका छौं, आउला भन्ने आश लागेको छ," सुनारले भन्नुभयो, "बिजुली नहुँदा रातिमा दियालो, टुकी बालेर रात कटाउँछौं, कहिलेकाहीं घुम्न आउने मान्छे बास बस्न खोज्छन् तर बिजुली छैन भनेपछि फर्किन्छन् ।"

स्थानीयवासी असारदेखि नै मुठाचौर जान सुरु गर्छन् भने असोज कात्तिक लाग्नासाथ गाउँ झर्ने गर्दछन् । मुठाचौरमा बस्ने समयमा उनीहरु पशु चौपाया पाल्ने, आलु, सिमी तथा लेकाली खाद्य बालीहरु उत्पादन गर्ने गर्दछन् । चैत र वैशाखमा लगाएको आलु यतिबेला एकोहोरो खन्ने चटारो छ । अहिले आलु खन्न मुठाचौर उक्लिएका कटेरी र भयरबोङ्गावासी अब जेठ अन्तिम साता वस्तुभाउ लिएर असोजसम्म उतै बस्ने गरी उक्लिन्छन् । बर्खामा आकासेपानीको भरमा बस्ने स्थानीयलाई हिउँद्मा खानेपानीको हाहाकार नै हुन्छ । यसका कारण बेंशी झर्नुपर्ने बाध्यता छन् । बर्खामा आकाशबाट आएको पानी भरेर उपभोग गर्नुपर्ने बाध्यता रहेको स्थानीय मैतादेवी रसाइलीले बताउनुभयो । आकासेपानी भरेर पिउँदा समय समयमा बिरामी पर्ने गरेको उहाँको भनाइ छ । गाउँपालिकालाई खानेपानीको माग गरेको भन्दै केही समयमा घर-घरमा धारा बन्ने आश्वासन पाएको रसाइलीले सुनाउनुभयो । उहाँले भन्नुभयो, "हिउँदमा पानी नहुँदा कोही पनि यहाँ बस्दैनन्, वस्तुभाउलाई खुवाउने, खाना पकाउने, नुवाइधुवाइ र सरसफाइमा समस्या हुन्छ, पहिला पहिला बराह तालबाट पानी लिएर पनि खायौं, सरकारले यहाँको समस्या समाधान गरिदिए धेरैजसो मान्छे मुठाचौरमै बस्ने थिए, यहाँ बस्दा वस्तुभाउ पाल्न सजिलो हुने थियो ।"

तमानखोला गाउँपालिका-२ का अध्यक्ष नारायण सुनारले यस क्षेत्रमा वर्षौंदेखि खानेपानी समस्या हुँदै आएको भन्दै त्यसको समाधानका लागि काम भइरहेको बताउनुभयो । विद्युत् विस्तारका लागि पोल गाड्ने काम भएको उहाँको भनाइ छ । वर्षौंदेखि अन्धकारमा बस्दै आएका स्थानीयवासीले अब केही समयमै विद्युत्को सुविधा पाउने अध्यक्ष सुनार बताउनुहुन्छ । "यस ठाउँमा ठूलो सङ्ख्यामा मानिसहरुको बसोबास हुन्छ, सडक थिएन, सडक आयो, अब विद्युत् र खानेपानीको काम पनि गरिरहेका छौं, भौगोलिक विकटताका कारण विकास छिटो हुन नसकेको हो" वडाध्यक्ष सुनारले भन्नुभयो, "अब केही समयपछि घर-घरमा खानेपानीको सुविधा हुनेछ भने विद्युतीकरण पनि हुनेछ, त्यसका लागि हामीहरु निरन्तर लागि रहेका छौं ।"

सडक पुगेपछि पलाउँदै नयाँ आशा

पर्यटक हिसाबले ठूलो सम्भावना बोकेको मुठाचौरमा सडक पुगेको तीन वर्ष मात्रै भयो । त्यस अगाडि स्थानीय बासिन्दाले दैनिक उपभोग्य वस्तु बोकेरै पुऱ्याउनुपर्ने बाध्यता थियो । हिउँदको समय सामान ढुवानी र यात्रा गर्न सहज भएपछि गाउँले खुसी छन् । सडक फराकिलो भए दुर्घटना कम हुने उनीहरुको अपेक्षा छ ।

समय-समयमा हुने दुर्घटना रोक्न र बाह्रै महिना आवतजावतलाई सहजता बनाउन गाउँ पालिकाले सडक व्यवस्थित बनाउन जरुरी रहेको स्थानीय हिराबहादुर विकले बताउनुभयो । अहिले सञ्चालनमा रहेको सडक निकै साँघुरो र अप्ठ्यारो रहेको उहाँको भनाइ छ । साँघुरै भए पनि सडकले मुठाचौर जोडिएपछि गाउँलेलाई ठूलो राहत मिलेको उहाँ बताउनुहुन्छ ।

भयरबोङ्गा, कटेरी, बोङ्गादोभान लगायतका क्षेत्रबाट सामान ढुवानी गर्दा पाँच/छ घण्टा लाग्ने उहाँको भनाइ छ । "गाउँमा सडक आउँदा निकै खुसी छौं, हाम्रा बाउबाजेले कति दुःख पाए, हाम्रो पनि आधा उमेर गयो तर अहिले सडक आउँदा सुविधा भएको छ," विकले भन्नुभयो, "हामीहरुले जति दुःख पाउनु पायौं, हाम्रा छोराछोरीले त्यति दुःख पाउने छैनन्, ढिलै भए पनि विकास आउन थालेको छ, अबको केही वर्षमा मुठाचौरमै बाह्रै महिना बसोबास हुनेछ ।" स्थानीय कल्पना छन्त्यालले सडक व्यवस्थित भएपछि मुठाचौरमा उत्पादन हुने वस्तु बजारीकरणका लागि सहज हुने बताउनुभयो ।

यस क्षेत्रका सयौं क्वीन्टल आलु उत्पादन भए पनि अहिलेसम्म बजार नपाएको भन्दै अब व्यापारी गाडी लिएर बारीमै पुग्ने सम्भावना बढेको उहाँको भनाइ छ । उत्पादनमा हिसाबले मुठाचौर उर्वर रहेको हुँदा आधुनिक कृषि प्रणालीलाई अपनाएर खेती गरे गाउँलेको जीवनस्तर उकासिने छन्त्याल बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "अहिलेसम्म यो ठाउँका मान्छेहरुले परम्परागत खेती किसानी गरेर जीवन धान्दै आउनु भएको छ, अब खेती प्रणालीलाई आधुनिकतासँग जोड्न जरुरी छ, स्थानीय सरकारले अब यहाँका हरेक किसानलाई व्यवसायी बनाउन जरुरी छ, यस क्षेत्रका हरेक किसान व्यवसायिक बने भने यहाँ उत्पादन भएको तरकारी, मासुले तमानखोलालाई आत्मनिर्भर बनाउन सक्छ, यसतर्फ गाउँपालिकाले ध्यान दिन जरुरी छ ।"

मौलिकता जोगाइ राख्ने प्रयास

तमानखोला गाउँपालिकाले मुठाचौरको मौलिकतालाई जोगाइराख्ने योजनामा छ । आधुनिकताले ग्रामीण क्षेत्रको मौलिकता मासिरहेको बेला यस गाउँलाई पुरानै स्वरुपमा संरक्षण गर्ने गरी योजना बनाएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो । मुठाचौरको मौलिकताले सिङ्गो ग्रामीण क्षेत्रको झल्को दिने हुँदा यसलाई मौलिकताकै रुपमा विकास गरिने अध्यक्ष बुढामगर बताउनुहुन्छ ।

"मुठाचौरको हावापानी निकै स्वच्छ छ, यहाँका घर र बस्तीले वास्तवमै मौलिकता बोकेका छन्, यहाँको जस्तो घर अरु ठाउँमा भेट्याउन मुस्किल पर्छ, यहाँ हुने जैविक उत्पादन र स्थानीय नागरिकको रहनसहन धेरैले सिक्न जरुरी छ" अध्यक्ष बुढा मगरले भन्नुभयो, "मुठाचौरवासीको जस्तो जीवनशैली अरुको हुने हो भने धेरै रोगबाट बच्न सकिन्छ, किनकी यो ठाउँ विषादीमुक्त छ, सबै चिज अर्गानिक छ, त्यही हो विकासका हिसाबले अलि पछाडि छ र समस्या हो तर हामीले विस्तारै विकासले जोड्दै गएका छौं ।"

अध्यक्ष बुढामगरले गाउँपालिकाभित्रका अन्य गाउँको सुन्दरता बिग्रिने हुँदा नयाँ घर भवन बनाउँदा मौलिकतालाई ध्यान दिनुपर्ने बताउनुभयो । त्यसका लागि गाउँपालिकाले कार्यविधि बनाएर कार्यान्वयन गर्न थालेको उहाँको भनाइ छ ।

जिल्ला सदरमुकामदेखि करिब ११५ किलोमिटर पश्चिममा पर्ने तमानखोला अहिले पनि विकट पालिकाको रुपमा रहेको छ ।


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com



## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित व्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# शुक्लाफाँटामा युवा सम्मेलनः जलवायु संकटविरुद्ध सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिकामा शनिबार साँझ सम्पन्न पालिकास्तरीय युवा सम्मेलनले जलवायु सङ्कटविरुद्ध युवाको सक्रिय भूमिका र वातावरण संरक्षणलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ ।

चुरे विनाश, अस्वाभाविक गर्मी (लू) र बढ्दो प्लास्टिक प्रदूषणका कारण कञ्चनपुरसहितका क्षेत्र गम्भीर वातावरणीय जोखिममा परेका सम्मेलनको निष्कर्ष छ । विश्व वातावरण दिवसका अवसरमा शुक्लाफाँटा नगरपालिकाको समन्वय तथा निङ्स नेपालको व्यवस्थापनमा आयोजित सम्मेलनका सहभागी युवाले जलवायु सङ्कटविरुद्ध सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि जनाएका छन् ।

सहभागीहरूले जलवायु सङ्कट गम्भीर चुनौती बनेकामा चिन्ता व्यक्त गर्दै पर्यावरणीय सन्तुलन कायम राख्न बोटविरुवा हुर्काउने र बाँझो जग्गामा बिरुवा रोप्नुपर्नेमा जोड दिएका छन् ।

नगरप्रमुख रणबहादुर महराले वातावरण संरक्षण केवल सरकारी निकायको जिम्मेवारी नभई समुदाय र विशेष गरी युवाको साझा दायित्व भएको बताउनुभयो । उहाँले युवाहरूले सकारात्मक सोच, सामाजिक नेतृत्व र स्वयंसेवामार्फत वातावरणीय अभियानलाई जनस्तरसम्म पुऱ्याउनुपर्ने मा जोड दिनुभयो ।

नगरउपप्रमुख कल्पना पन्तले जलवायु परिवर्तनका कारण वर्षाको स्वरूप बदलिँदै गएको, अत्यधिक गर्मी बढ्दै गएको तथा चुरे क्षेत्रको क्षयीकरणले वातावरणीय सन्तुलनमा गम्भीर असर पारिरहेको बताउनुभयो । प्राकृतिक स्रोत संरक्षण र वातावरणमैत्री जीवनशैली अपनाउन नसके भविष्यमा पानी, कृषि उत्पादन र जैविक विविधतामा थप संकट उत्पन्न हुन सक्ने उहाँको भनाइ थियो । प्रमुख प्रशासकीय अधिकृत खेमराज विष्टले विश्व वातावरण दिवसको सान्दर्भिकता, स्थानीय तहमा देखिएका वातावरणीय चुनौती तथा युवा जनशक्तिको भूमिकाबारे चर्चा गर्नुभयो । उहाँले वातावरणीय असन्तुलनले मानव स्वास्थ्यमा असर पारिरहेको उल्लेख गर्दै स्वस्थ जीवनशैली, योग, मानसिक स्वास्थ्य र प्रकृतिसँगको सम्बन्धलाई सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कञ्चनपुर जिल्ला अदालतका न्यायाधीश राजेन्द्र भण्डारीले युवाको सहभागिता, नेतृत्व विकास र बढ्दो युवा पलायनका चुनौतीबारे धारणा राख्दै स्थानीय विकास, वातावरण संरक्षण र सामाजिक रूपान्तरणका क्षेत्रमा युवाहरूलाई अवसर सृजना गर्नुपर्ने बताउनुभयो ।

वातावरण संरक्षणमा निरन्तर पैरवी गर्दै आउनुभएका केशवराज पन्तले जलवायु परिवर्तनका कारण पारिस्थितिकीय प्रणालीमा परेको प्रभाव, जैविक विविधताको संरक्षण र स्थानीय स्तरमा अपनाउन सकिने अनुकूलनका उपायबारे प्रस्तुति दिनुभयो । उहाँले वन, जलस्रोत र वन्यजन्तुको संरक्षणलाई जलवायु सङ्कट समाधानको महत्वपूर्ण आधारका रूपमा लिनुपर्ने उल्लेख गर्नुभयो । वातावरण संरक्षणअभियन्ता सरस्वती पुरी बमले प्लास्टिकजन्य प्रदूषण वातावरणका लागि प्रमुख चुनौती बनेको बताउँदै यसको प्रयोग न्यूनीकरण, फोहरको उचित व्यवस्थापन र समुदायस्तरीय सरसफाइ अभियानमा युवाको सक्रिय भूमिका आवश्यक रहेको उल्लेख गर्नुभयो ।

सम्मेलनमा युवा अभियन्ता दुर्गा वडुवाल र विष्णुदत्त अवस्थीले युवा नेतृत्व, सहभागिता र सामाजिक जिम्मेवारीका विषयमा सहजीकरण गर्नुभएको थियो । सहभागी युवाहरूले वातावरण संरक्षण, सरसफाइ, जलवायु परिवर्तन न्यूनीकरण तथा समुदायस्तरमा सञ्चालन गर्न सकिने अभियानबारे समूहगत छलफलसमेत गरेका थिए । छलफलपछि जारी प्रतिबद्धतापत्रमा वातावरण तथा प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्दै संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्ने, एकपटक प्रयोग हुने प्लास्टिकजन्य सामग्रीको प्रयोग न्यूनीकरण गरी वातावरणमैत्री विकल्पलाई प्रोत्साहन गर्ने उल्लेख गरिएको छ । घर, विद्यालय, कार्यस्थल तथा समुदायलाई सफा, स्वच्छ र स्वस्थ राख्न नियमित सरसफाइ अभियानमा सहभागी हुने, फोहरलाई स्रोतमै वर्गीकरण गरी पुनःप्रयोग, पुनःचक्रण (रिसाइकल) तथा उचित व्यवस्थापनलाई प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाइएको छ ।

युवाले वातावरण संरक्षण, सरसफाइ तथा जलवायु अनुकूलनसम्बन्धी जनचेतना अभिवृद्धिका लागि समुदायमा सक्रिय रूपमा सूचना र सन्देश प्रवाह गर्ने, वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा जैविक विविधता संरक्षणका कार्यक्रममा निरन्तर सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । मानव र वन्यजन्तु बीचको सहअस्तित्व प्रवर्द्धन गर्दै वातावरणीय सन्तुलन कायम गर्न योगदान पुऱ्याउने, स्थानीय सरकार, विद्यालय, सामुदायिक संस्था तथा अन्य सरोकारवालासँग सहकार्य गरी वातावरण संरक्षणका अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

युवाले वातावरण संरक्षणलाई व्यक्तिगत तथा सामाजिक जिम्मेवारीका रूपमा ग्रहण गर्दै भावी पुस्ताका लागि स्वच्छ वातावरण निर्माणमा योगदान पुऱ्याउने तथा सामाजिक कुरीति, कुसंस्कार तथा लागू पदार्थ दुर्व्यसनविरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन् । सम्मेलनमा नगरपालिकाका १२ वटै वडाका ७० जना युवासहित जनप्रतिनिधि, वातावरणविद्, सञ्चारकर्मी र सरोकारवाला निकायका प्रतिनिधि सहभागी थिए । सम्मेलनले सन्तोष धामीको संयोजकत्वमा ११ सदस्यीय 'जलवायु उत्थानशील युवा मञ्च' तदर्थ समिति गठन गरेको छ ।

# दूषित खाद्यवस्तुका कारण बर्सेनि ६० करोड मानिस बिरामी

काठमाडौँ । दूषित खाद्यवस्तुका कारण विश्वभर हरेक वर्ष करिब ६० करोड मानिस बिरामी पर्ने गरेको तथ्याङ्क सार्वजनिक भएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का अनुसार खाद्यजन्य रोगका कारण वार्षिक करिब चार लाख २० हजार जनाको मृत्यु हुने गरेको छ ।

यही सन्दर्भमा सुरक्षित खाद्यवस्तुको महत्वबारे जनचेतना अभिवृद्धि गर्न आइतबार विश्वका विभिन्न भागमा विविध कार्यक्रमका साथ विश्व खाद्य सुरक्षा दिवस मनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् २०१८ मा एक प्रस्ताव पारित गर्दै जुन ७ लाई विश्व खाद्य सुरक्षा दिवसका रूपमा घोषणा गरेअनुरुप सन् २०१९ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो । दिवसको प्रवर्द्धन तथा समन्वय विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले संयुक्त रूपमा गर्दै आएका छन् ।

पर्याप्त मात्रामा सुरक्षित र पोषणयुक्त खाद्यवस्तुमा पहुँच मानव जीवन, स्वास्थ्य र समग्र कल्याणका लागि अपरिहार्य मानिन्छ । दूषित खाना वा पानीमार्फत शरीरमा प्रवेश गर्ने ब्याक्टेरिया, भाइरस, परजीवी तथा रासायनिक पदार्थका कारण विभिन्न खाद्यजन्य रोग फैलिने गर्छन् । यस्ता जोखिमहरू प्रायः नाङ्गो आँखाले देख्न नसकिने भएकाले खाद्य सुरक्षालाई अझ चुनौतीपूर्ण विषयका रूपमा हेरिएको छ ।

डब्ल्युएचओका अनुसार पाँच वर्षमुनिका बालबालिकाले खाद्यजन्य रोगको कुल भारको करिब ४० प्रतिशत हिस्सा वहन गर्छन् । यस्ता रोगका कारण हरेक वर्ष करिब एक लाख २५ हजार बालबालिकाको मृत्यु हुने गरेको छ । खाद्यजन्य रोगले विशेषगरी महिला, बालबालिका, द्वन्द्व प्रभावित समुदाय, आप्रवासी तथा अन्य कमजोर वर्गलाई असमान रूपमा प्रभावित गर्ने गरेको बताइएको छ । विशेषज्ञहरूका अनुसार खाद्य सुरक्षा उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण खाद्य शृङ्खलासँग सम्बन्धित विषय हो । खाद्यवस्तुको उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण, तयारी तथा उपभोगका हरेक चरणमा सुरक्षा मापदण्ड पालना गरिएमा खाद्यजन्य रोगको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ । खाद्य सुरक्षालाई प्रभावकारी नियमन प्रणाली, स्वच्छ खानेपानीमा पहुँच, असल कृषि अभ्यास, खाद्य सुरक्षा व्यवस्थापन प्रणाली तथा उपभोक्तासँग जोडेर हेरिनुपर्नेछ ।

## मंगलादेवी सिंह वतृत्वकलाको उपाधि अधिकारीलाई

काठमाडौँ । मङ्गलादेवी सिंह फाउन्डेसनद्वारा आयोजित 'नेतृत्व विकास र मङ्गलादेवी सिंह' विषयक वतृत्वकला प्रतियोगितामा आचल कुसुम अधिकारी प्रथम हुनुभएको छ ।

फाउण्डेशनले काठमाण्डौमा आयोजना गरेको नेपालको महिला आन्दोलनकी नेत्री 'मङ्गलादेवी सिंहको योगदानमा आधारित वक्तृत्वकला प्रतियोगिता' मा अधिकारी प्रथम हुनुभएको हो । प्रथम भएसँगै अधिकारीलाई नगद रु २० हजार, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ ।

यस्तै, बिनिता तामाङ दोस्रो र शिवानी राउत तेस्रो हुनुभएको छ । दोस्रो र तेस्रो उपाधि हाँसिल गर्ने तामाङ र राउतलाई क्रमशः नगद रु १५ र रु १० हजार, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रतियोगितामा आरध्या घिमिरे, मान्यता धिताल र मनिषा खनालले शान्त्वना पुरस्कार प्राप्त गर्नुभएको छ । उहाँहरुलाई जनही रु पाँच हजार मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा ६० जनाले भाग लिएका थिए । कार्यक्रममा फाउण्डेशनकी अध्यक्ष सिर्जना सिंह, संविधानसभा सदस्य कल्याणी रिजाल, राष्ट्रियसभा सदस्य विष्णुदेवी पुडासैनीलगायतले पुरस्कार वितरण गर्नुभयो । कार्यक्रममा अध्यक्ष सिंहले युवा पुस्तामा नेतृत्व क्षमता, प्रभावकारी अभिव्यक्ति र सामाजिक चेतनाको विकास गर्ने उद्देश्यका साथ यस्ता कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

## ट्राफिक कारबाहीमा ४ लाख बढी राजस्व

काठमाडौँ । बितेका २४ घण्टामा दुई हजार २५६ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु चार लाख ९१ हजार ५०० राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेका १५१, नियमविपरीत 'राइड सेयरिङ' गरेका १११, सङ्केत बत्ती उल्लङ्घनकर्ता १४२ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका २३० जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ३३, निषेधित क्षेत्रमा हर्न बजाउने १९३, सडक पेटीमा सवारीसाधन 'पार्किङ' गर्ने ११७, एकतर्फी सडकमा सवारी चलाउने ११८ र अन्य सवारी नियम पालना नगरेका एक हजार १६१ जनालाई कारबाही गरिएको हो ।

## हिमाली र पहाडी भागमा वर्षाको सम्भावना

काठमाडौँ । देशको उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्यून चापीय रेखा (ट्रफ) तथा स्थानीय वायुको आंशिक प्रभाव रहेकाले विभिन्न क्षेत्रमा बदली तथा वर्षाको सम्भावना छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशसहित देशका अधिकांश हिमाली तथा पहाडी भागमा साधारणतया बदली रहेको छ भने तराईमा आंशिक बदली भएको छ । बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षा भइरहेको छ ।

आइतबार र सोमबार दिउँसो कोशी प्रदेशसहित देशका हिमाली भागमा साधारणतया बदली रहने तथा मधेस प्रदेशसहित बाँकी पहाडी भागमा आंशिक बदली रहने महाशाखाले जनाएको छ । बाँकी तराईका भागमा भने मुख्यतया मौसम सफा रहने अनुमान गरिएको छ । कोशी प्रदेशका केही स्थान तथा बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यमसम्म वर्षा हुने सम्भावना रहेको छ । साथै मधेस प्रदेशसहित बाँकी हिमाली भागका एकदुई स्थानमा वर्षा तथा हिमपात हुन सक्ने जनाइएको छ ।

महाशाखाका अनुसार मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भागका केही स्थानमा अनपेक्षित रूपमा तापक्रम बढ्ने सम्भावना छ । त्यसैगरी, आइतबार राति कोशी प्रदेशसहित देशका हिमाली भागमा साधारणतया बदली रहने तथा मधेस प्रदेश र बाँकी पहाडी भागमा आंशिक बदली रहनेछ । तराईका अधिकांश भागमा मौसम मुख्यतया सफा रहने अनुमान गरिएको छ । कोशी प्रदेशका केही तथा मधेससहित बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षा वा हिमपात हुन सक्ने महाशाखाले जनाएको छ ।

साथै मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थानमा तापक्रम अधिक हुने सम्भावना भएकाले आवश्यक सतर्कता अपनाउन तथा महाशाखाबाट जारी हुने मौसमसम्बन्धी अद्यावधिक सूचनामा ध्यान दिन सम्बद्ध सबैमा अनुरोध गरिएको छ ।

## कठिन भूगोल छिचोल्दै पदमार्ग निर्माण

धादिङ । धादिङको रुबीभ्याली गाउँपालिकाको पर्यटकीय गन्तव्य कालो दह र सेतो दह जाने कठिन बाटोमा पदमार्ग निर्माण गरिएको छ ।

भौगोलिक रूपमा विकट र हिँड्न कठिन रहेको गोरेटोमा व्यवस्थित पदमार्ग निर्माण गरिएको हो । कालो र सेतो दह हुँदै नेपाल-चीन सिमाना नजिकको हर्ची पाससम्मको पदमार्ग निर्माण गरिएको स्थानीय पथप्रदर्शक मार्कुस तामाङले जानकारी दिनुभयो ।

रुबीभ्याली गाउँपालिका-१ लिङ्जो गाउँका बासिन्दाले २१ दिनसम्म श्रमदान गरेर बाबिल खर्कदेखि चार हजार ६ सय ५० मिटर उचाइमा रहेको हर्ची पाससम्म गोरेटो पदमार्ग निर्माण गरेका हुन् । स्थानीय आफैले श्रमदान सुरु गरेपछि रुबीभ्याली गाउँपालिका-१ ले रु १५ लाख उपलब्ध गराएको थियो ।

पदमार्ग निर्माणका क्रममा चार हजार मिटर उचाइमा रहेको छार चो खर्कमा बास बसेर दैनिक रूपमा कठिन भू-भागमा काम सम्पन्न गरेको वडाध्यक्ष पम्बर तामाङले जानकारी दिनुभयो । आगामी वर्षको बजेटबाट पर्यटक प्रतिक्षालय र अन्य पूर्वाधार निर्माणमा सहयोग गर्ने उहाँले बताउनुभयो । पदमार्ग निर्माणका क्रममा स्थानीय युवाले घन, छिनो र गैंती प्रयोग गरी चट्टान फोरेका थिए भने महिलाले ढुङ्गा बोकेर सिँढी बनाउन सहयोग गरेका थिए । अक्सिजनको कमी हुने उचाइमा समेत स्थानीय खटिएर निर्माण कार्य सम्पन्न गरेको वडाअध्यक्ष तामाङले प्रशंसा गर्नुभयो । सामूहिक श्रमदानबाट बनेको यो पदमार्गले प्रसिद्ध कालो दह, सेतो दह र हर्ची पास पुग्ने पर्यटकलाई सहज बनाएको छ ।

पदमार्ग सञ्चालनमा आएपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने र स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना हुने स्थानीयले अपेक्षा गरेका छन् । पदमार्गले गाउँको भविष्यको बाटो कोरेको र यसबाट पर्यटन विकासमा ठूलो टेवा पुग्ने भन्दै स्थानीय अगुवा पुर्ने लामा तामाङले खुसी सुनाउनुभयो ।

राजधानी काठमाडौँबाट सबैभन्दा नजिक पर्ने पाँच हजार मिटरसम्मको यो पदयात्रा क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन पदमार्ग महत्वपूर्ण माध्यम बन्नेछ ।

## खडेरीले धानको ब्याड सुक्न थालेपछि किसान चिन्तित

गाईघाट । जेठको पहिलो हप्तादेखि अत्यधिक गर्मीसँगै सुक्खा खडेरी सुरु भएकाले असार साउनमा रोपाइँका लागि किसानले राखेको धानको ब्याड सुक्न थालेपछि उदयपुरका किसान चिन्तित बनेका छन् ।

जिल्लाको त्रियुगा तथा चौदण्डी नगरपालिका क्षेत्रका किसानले रोपाइँ गर्न राखेको धानको ब्याड सुक्न थालेको छ । अति बढी तातो र खडेरीले धानको ब्याड चिरासमेत पर्न थालेको किसान बताउँछन् । ब्याडमा धानको बीउ उम्रन नसक्ने अवस्था आएकामा आफूहरू चिन्तित बनेको त्रियुगा नगरपालिका-१ जोगीदहका किसान मोहनदेव चौधरी बताउनुहुन्छ । त्रियुगा नगरपालिका-१३ पोर्ताहका किसान प्रेमप्रसाद दाहाल भनुहुन्छ, "जेठ १ गते नै असार साउनमा रोपाइँका लागि धानको ब्याड राखेको, तर खडेरी बढेसँगै ब्याड नै चिरा पर्दै जान थालेका कारण धानको बीउ उम्रन नसक्ने अवस्था छ । धानको बीउकै कारण असार अन्तिमदेखि साउनमा रोपाइँ गर्न समस्या हुने हो कि भन्ने चिन्ता लागेको छ ।" सुक्खा खडेरीले ब्याड नै चिरा पर्न थालेकाले यसपटक धानको बीउ उत्पादन गर्न समस्या हुने र समयमा रोपाइँ गर्न नसकिने हो कि भन्ने चिन्ता लाग्न बताउनुहुन्छ ।

## तीन सातामा दुई हजार सात सय पर्यटक हुम्ला भित्रिए

प्रत्यूष समाचारदाता

सिमकोट । हुम्ला हुँदै हिन्दूहरूको पवित्र तीर्थस्थल मानसरोवर र कैलाश दर्शन गर्न जाने विदेशी तीर्थयात्री बढेका छन् । पछिल्ला केही दिनयता कैलाश मानसरोवर दर्शन गर्न जाने भारतीय धार्मिक पर्यटकको आगमन बढ्दै गएको छ ।

हुम्लाको हिल्सानाका गत वैशाख पहिलो सातादेखि सञ्चालनमा आएको भए पनि वैशाख ३० गतेदेखि विदेशी पर्यटक हुम्ला आउन सुरु गरेका प्रमुख जिल्ला अधिकारी टेकराज रेग्मीले बताउनुभयो । वैशाखमा सुनासान देखिएको सिमकोट विमानस्थलमा जेठ पहिलो सातादेखि विदेशी पर्यटकको आगमन बढेको उहाँले बताउनुभयो ।

गत वैशाख ३० गतेदेखि जेठ महिनाको २३ गतेसम्म नेपालगन्ज भएर हुम्ला हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय तथा अन्य देशका दुई हजार ७४७ पर्यटक हुम्ला भित्रिएका छन् । वैशाख महिनामा ५५ महिला र ५९ पुरुष पर्यटक जिल्ला पुगेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले बताउनुभयो ।

जेठमा मात्रै मानसरोवर कैलाश दर्शन गर्ने पर्यटकको सङ्ख्या एक्कासी बढेको छ । यस महिनामा एक हजार २९२ महिला र एक हजार ३४० पुरुष गरी दुई हजार ६३२ विदेशी पर्यटक मानसरोवर कैलाश दर्शनका लागि पुगेका थिए । नाका सञ्चालनमा आएपछि मानसरोवर कैलाश दर्शन गर्न आउने विदेशी पर्यटकको सङ्ख्या अझै बढ्ने अपेक्षा गरिएको छ ।

कैलाश मानसरोवर दर्शनका लागि हुम्लाको बाटो छोटो पर्ने भएकाले पछिल्लो समय सिमकोट विमानस्थलमा भारतीय यात्रुको चाप देखिन थालेको छ । चीनले हिल्सा नाकालाई हुम्लावासीसहित भारतीय पर्यटकका लागि खुला गरेपछि धार्मिक पर्यटकको सङ्ख्या वृद्धि भएको सिमकोट विमानस्थलमा कार्यरत दीपेन्द्र भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, "कैलाश मानसरोवरको दर्शन गर्न हुम्लामा कोरोना सङ्क्रमणपछिकै यो ठूलो सङ्ख्या हो, भारतीय पर्यटक आउने क्रम बढेको छ ।" उहाँका अनुसार मौसम अनुकूल भएको अवस्थामा दैनिक पाँचदेखि दशवटासम्म नेपालगन्जबाट यहाँ उडान हुने गरेको छ । सीता, समिट र तारा एयरले उडान भर्दै आएका छन् । सिमकोट विमानस्थलबाट हिल्साका लागि विभिन्न हेलिकोप्टरले समेत पर्यटकलाई सेवा दिइरहेका छन् । भारतीय पर्यटक हुम्ला हुँदै कैलाश मानसरोवर दर्शन गर्न जाने हुँदा यहाँका नागरिकले रोजगारी पाउनुका साथै सदरमुकाम सिमकोटसहित हिल्सा नाकामा रहेका होटल सञ्चालकले मनग्य आम्दानी गरिरहेका हुम्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामबहादुर भण्डारीले बताउनुभयो । उहाँका अनुसार होटल व्यवसायीमात्रै नभएर यहाँका अन्यले पनि रोजगारी पाएका छन् । सदरमुकाम सिमकोटसहित हिल्साका होटल पर्यटकले भरिभराउ छन् ।

## सिरदली-चौडेनी सडक स्तरोन्नति

भोजपुर । टेम्केमैयुङ गाउँपालिका-२ छिनामखुस्थित सिरदली-चौडेनी सडक स्तरोन्नति गरिएको छ । सडक स्तरोन्नति गरिएपछि स्थानीयवासीको दैनिकी सहज बन्दै गएको छ ।

बस्ती क्षेत्रलाई आपसमा जोड्ने मुख्य सडकका रूपमा रहेको यस सडक ग्रामीण जनजीवनका लागि महत्त्वपूर्ण मानिन्छ । वडाले हरेक वर्ष सडक मर्मत तथा स्तरोन्नतिका कार्यलाई प्राथमिकतामा राख्दै आएको छ । करिब नौ किलोमिटर लम्बाइ रहेको उक्त सडकको विस्तारकार्य २०६५ सालदेखि कच्ची सडकका रूपमा सुरु गरिएको थियो । प्रारम्भिक चरणमा सामान्य ट्र्याक खोलिएको सडकलाई पछिल्ला वर्षहरूमा क्रमशः स्तरोन्नति गर्दै ग्राभेल, सोलिङ, नाली निर्माण तथा चौडाइ विस्तारजस्ता कार्य गरिँदै आएको छ । यसले गर्दा अहिले सडक अधिकांश समय सवारीसाधन सञ्चालनयोग्य बनेको छ ।

उक्त सडकले साविकका वडा नं १ देखि ६ सम्मका बस्तीलाई प्रत्यक्ष रूपमा जोडेको छ । वडासदस्य जीवन राईका अनुसार सडक स्तरोन्नतिपछि गाउँबस्तीका नागरिकले बजार, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सेवामा सहज पहुँच पाएका छन् । "सडक स्तरोन्नति गरिएपछि आवतजावतमा सहजता छ । यसले दैनिक जीवनमा राहत मिलेको छ", उहाँले भन्नुभयो ।

वडाध्यक्ष बालचन्द्र राईका अनुसार सडकलाई बाह्रै महिना सञ्चालनयोग्य बनाउने उद्देश्यले योजनाबद्ध रूपमा काम भइरहेको छ ।

वर्षायाममा सडक बिग्रिने समस्या बढी हुने भएकाले नाली व्यवस्थापन, पानी निकास, ग्राभेल बिछ्याउने र आवश्यक ठाउँमा सोलिङ गर्ने काम निरन्तर भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार आवश्यकता अनुसार सडकका जोखिमयुक्त स्थानमा संरक्षणका संरचना निर्माण गर्ने योजनासमेत अघि बढाइएको छ ।

यसअघि वर्षायाममा हिलाम्मे र चिप्लो हुने तथा हिउँद याममा धुलाम्मे हुने समस्याका कारण आवतजावतमा कठिनाइ हुने गरेको थियो ।

तर पछिल्लो स्तरोन्नतिसँगै यस्ता समस्या क्रमशः घट्दै गएका छन् । सडक सुधारपछि एम्बुलेन्स सेवा सञ्चालनमा सहजतासँगै बिरामीलाई समयमै स्वास्थ्य संस्था पुर्याउन सकिने भएको स्थानीयवासी पदम राईले बताउनुभयो ।

त्यसैगरी, कृषि उत्पादन ढुवानीमा समेत सहजता आएको छ । तरकारी, फलफूल तथा अन्य कृषिजन्य वस्तु बजारसम्म लैजान सहज भएपछि किसानको आम्दानीमा समेत सकारात्मक प्रभाव परेको छ । यातायात पहुँच सुधारसँगै स्थानीय व्यापार-व्यवसाय विस्तार हुने सम्भावना पनि बढेको छ ।

स्थानीय तहको निरन्तर लगानी, जनसहभागिता तथा योजना कार्यान्वयनमा देखिएको सक्रियताका कारण सडक पूर्वाधारमा सुधार हुँदै गएको छ । वडाले आगामी दिनमा थप बजेट व्यवस्थापन गरी सडकलाई अझ व्यवस्थित, सुरक्षित र दिगो बनाउने लक्ष्य लिएको छ ।

## तरकारीखेतीबाट बराहक्षेत्रका किसान आत्मनिर्भर

धरान ः सुनसरीको बराहक्षेत्र नगरपालिका क्षेत्रमा व्यावसायिक तरकारीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ । एक समय बाँझै रहने बारी अहिले हराभरा तरकारीबारीमा परिणत भएका छन् भने किसान आफ्नै गाउँमा बसेर मनग्य आम्दानी गर्दै आत्मनिर्भरतातर्फ उन्मुख भएका छन् ।

बिहान घाम नउदाउँदै किसान काँक्रो, गोलभेँडा, बोडी, घिरौँला, कोभीलगायत तरकारी टिप्न बारीमा पुगिसकेका हुन्छन् । उत्पादन भएका तरकारी धरान, इटहरी, इनरुवा, बराहक्षेत्र तथा आसपासका बजारमा बिक्री हुने गरेको छ ।

बराहक्षेत्र नगरपालिका-७ का दिनेश राजवंशी विगत ६ वर्षदेखि करिब दुई बिघा जमिनमा व्यावसायिक तरकारीखेती गर्दै आउनुभएको छ । तीन वर्ष विदेश बसेर फर्किनुभएका उहाँले अहिले आफ्नै गाउँमा बसेर तरकारी खेतीबाट पर्याप्त आम्दानी गरिरहनुभएको छ । "विदेशमा निकै दुःख गरेर कमाएको पैसाले घरखर्च धान्नै कठिन हुन्थ्यो, अहिले परिवार सबै मिलेर साथमा तरकारीखेती गरिरहेका छौँ । मिहिनेत गर्न सके आफ्नै देशको माटोमा पनि राम्रो आम्दानी गर्न सकिँदोरहेछ", उहाँले भन्नुभयो । तरकारी बिक्रीबाट घरखर्च सहज रूपमा चलिरहेको छ भने मासिक रु ७० हजारभन्दा बढी बचत गर्न सफल भएको राजवंशी बताउनुहुन्छ ।

सोही ठाउँका नितु राजवंशी र रमेश राजवंशी दम्पतीले तीन बिघा जमिनमा व्यावसायिक तरकारीखेती गरिरहनुभएको छ । उहाँहरूले काँक्रो, बोडी, घिरौँला, कोभी, गोलभेँडालगायत मौसमी तरकारी उत्पादन गर्दै आउनुभएको छ । नितु राजवंशीका अनुसार विगतमा मकै र कोदोखेतीबाट परिवारको खाद्यान्न आवश्यकता मात्र पूरा हुन्थ्यो । तरकारीखेती सुरु गरेपछि भने यहाँबाट राम्रै आम्दानी हुने गरेको उहाँले बताउनुभयो ।

"पहिले बारी बाँझो थियो, अहिले तरकारीखेतीले धेरै राम्रो भएको छ । मौसमले साथ दिएमा र सिँचाइ तथा मल व्यवस्थापन राम्रो भए वार्षिक रु सात लाखदेखि रु आठ लाखसम्मको तरकारी मज्जाले बिक्री गर्न सकिन्छ", राजवंशी दम्पती भन्छन् । त्यसैगरी, बराहक्षेत्र नगरपालिका-८ तीनकुनेका युक्ति चौधरीले चार बिघा जमिनमा मौसमी तरकारीखेती गर्दै आउनुभएको छ । छ वर्षअघि एक कट्ठा जमिनबाट सुरु गरिएको खेती अहिले विस्तार भएर वार्षिक रु १० लाखभन्दा बढी आम्दानीको स्रोत बनेको छ ।

'रीतिका कृषि फार्म' सञ्चालन गर्दै आउनुभएका चौधरीले परिवारको साथ र निरन्तर मिहिनेतले व्यवसाय विस्तार गर्न सफल भएको बताउनुभयो । "काम गर्न सकुन्जेल खेतीलाई निरन्तरता दिन्छु । परिवारको साथ छ, मिहिनेत गर्नसके कृषि क्षेत्रमै राम्रो सम्भावना रहेछ", उहाँले भन्नुभयो । चौधरीले पालेका गाईगोरु र बाखाबाट प्राप्त गोबरलाई जैविक मलका रूपमा प्रयोग गर्दै आउनुभएको छ । यसले उत्पादनलाई स्वस्थ र गुणस्तरीय बनाउन मद्दत पुगेको उहाँको भनाइ छ । तरकारी बिक्रीका लागि बजारको समस्या छैन । व्यापारीहरू आफैँ फार्ममा पुगेर तरकारी खरिद गरेर लाने गरेको उहाँले बताउनुभयो ।

सुनसरी कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रवीनलाल श्रेष्ठले बराहक्षेत्रसहित जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा तरकारीखेती प्रवर्द्धनका लागि विविध कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो ।

## पायल्स र सिफरको निःशुल्क शल्यक्रिया

तनहुँ । प्रदेश आयुर्वेद चिकित्सालय दमौलीमा पायल्स र सिफरको निःशुल्क शल्यक्रिया गरिएको छ ।

भिमाद आयुर्वेद औषधालयमा सञ्चालन गरिएको शिविरमा रोग पहिचान भएका ४५ बिरामीलाई प्रदेश आयुर्वेद चिकित्सालय दमौलीमा झिकाई निःशुल्क शल्यक्रिया गरिएको हो । शल्यक्रियाका लागि नरदेवी अस्पतालबाट आउनुभएका शल्यविज्ञ रमेश पौडेलको नेतृत्वमा प्रदेश आयुर्वेद चिकित्सालय दमौलीका प्रमुख डा नारायण श्रेष्ठ, डा प्रशान्त श्रेष्ठ, डा स्मारिका बस्नेत र डा अस्मिता अधिकारीको टोली खटिएको थियो । पायल्स, फिसर र फिस्टुलालगायतको रोगबाट पीडितको शल्यक्रिया गरिएको चिकित्सालयका प्रमुख डा नारायण श्रेष्ठले बताउनुभयो । अस्वस्थ खानपान, व्यस्त जीवनशैलीका कारण यी रोगको सङ्क्रमण बढ्दै गएपछि आफूहरूले गण्डकी प्रदेश सरकारलाई प्रस्ताव गरेअनुसारको स्वीकृत कार्यक्रमबाट बिरामीको शल्यक्रिया गरिएको डा श्रेष्ठले जानकारी दिनुभयो ।

भिमाद नगरपालिकाकी बिरामी मीनाकुमारी थापाले आफूले दुई वर्ष पहिले करिब रु ४५ हजार खर्च गरेर प्राइभेट आयुर्वेद क्लिनिकमा शल्यक्रिया गरे पनि रोग बल्झिएको कारण पुनः उपचार गराउन आएको बताउनुभयो । शिविर सञ्चालन गरी रोग पहिचानसहित शल्यक्रिया गरिएपछि बिरामीको चाप ह्वात्तै बढेको वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईले बताउनुभयो । शल्यविज्ञ रमेश पौडेलका अनुसार कब्जियत, असन्तुलित खानपान, अनियमित जीवनशैली तथा आहारविहारमा ध्यान नदिँदा गुद्वारसम्बन्धी रोगहरूको जोखिम बढ्दै गएको हो । समयमै परीक्षण र उपचार गराएमा यस्ता रोगलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सकिने उहाँले बताउनुभयो ।

## फुल्चोकीमा अलपत्र तीन जनाको उद्धार

ललितपुर । ललितपुरको गोदावरी नगरपालिका-३ स्थित फुल्चोकी क्षेत्रमा घुम्न गएका तीन जनालाई प्रहरीले सकुशल उद्धार गरेको छ ।

काठमाडौँ महानगरपालिका-२२ का एक पुरुष र दुई महिला फुल्चोकी भ्रमणपछि फर्किने क्रममा बाटो भुलेर जङ्गलमा अलपत्र परेको अवस्थामा आइतबार प्रहरीले उद्धार गरेको हो । उनीहरू हराएको सूचना जिल्ला प्रहरी परिसर ललितपुरको परिचालन कक्षमा प्राप्त हुनासाथ तत्काल उद्धार टोली परिचालन गरिएको परिसरका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिनुभयो । प्रहरी टोलीले खोजी अभियान सञ्चालन गरी अलपत्र परेका तीनै जनालाई सकुशल उद्धार गरेको थियो ।

प्रहरी उपरीक्षक मिश्रका अनुसार पछिल्ला दिनमा साप्ताहिक बिदाको अवसर पारेर फुल्चोकी क्षेत्र घुम्न जाने र घना जङ्गलमा बाटो बिराएर अलमलिने घटना बढेका छन् । शनिबार पनि फुल्चोकी क्षेत्रमा बाटो भुलेका चार जनाको प्रहरीले उद्धार गरी आफन्तको जिम्मा लगाएको थियो ।

प्रहरीले फुल्चोकीलगायत जङ्गल तथा पदयात्रा गर्दा समूहमा जान, आवश्यक सामग्री साथमा राख्न तथा निर्धारित बाटो मात्र प्रयोग गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ ।

## ईश्वरी हत्या प्रकरणमा थप तीन जना पक्राउ

काठमाडौँ । प्रहरीले ईश्वरी भुजेल हत्या प्रकरणमा थप तीन जनालाई पक्राउ गरेको छ ।

तारकेश्वर नगरपालिका-६ पैँयुटार का कुमार थापाले शुक्रबार राति धारिलो हतियार प्रयोग गरी ४२ वर्षीया श्रीमती ईश्वरीको हत्या गरेका थिए ।

प्रहरीले तारकेश्वर नगरपालिका-४ का ३६ वर्षीय विक्रम थापामगर, काठमाडौँ महानगरपालिका-१६ बालाजु बस्ने ४० वर्षीय पुजन थापा क्षेत्री र जुम्लाको हिमा गाउँपालिका-१ की २५ वर्षीया प्रतीक्षा आचार्यलाई पक्राउ गरेको हो । उक्त घटनामा संलग्न रहेको भन्ने किटानी जाहेरीका आधारमा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो । हत्या आरोपमा ईश्वरीका श्रीमान्लाई प्रहरीले शुक्रबार राति नै पक्राउ गरिसकेको छ । प्रहरीले उनीहरुमाथि काठमाडौँ जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाएको छ । घरायसी विवादमा श्रीमान्को आक्रमणबाट घाइते भएकी ईश्वरीको उपचारका क्रममा त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा मृत्यु भएको थियो ।

## कम्बोडियामा गैरकानुनी बसोबास गर्ने नेपालीलाई स्वदेश फर्कन अनुरोध

काठमाडौँ । थाइल्याण्डका लागि नेपाली दूतावासले विभिन्न प्रलोभनमा परी कानुनी आधारबिना कम्बोडियामा लुकिछिपी बस्ने नेपाली नागरिकलाई १२ जुन (यही जेठ २९ गते) भित्रमा नेपाल फर्किन अनुरोध गरेको छ ।

दूतावासले आइतबार सूचना जारी गरी विभिन्न प्रलोभनमा परी कानुनी आधार बिना कम्बोडियामा लुकिछिपी बस्ने नेपाली नागरिकले कम्बोडियाको नयाँ कानुनी व्यवस्थाअनुसार तत्काल पक्राउ परी कठिन कानुनी सजाय व्यहोर्नुपर्ने अवस्था रहेको सम्बन्धित सबैमा सूचीत गराएको छ ।

दूतावासले भनेको छ, "विभिन्न उद्देश्यले कम्बोडिया पुगी आफ्नो भिसाको अवधि समाप्त भएपछि पनि भिसा नवीकरण नगरी बसिरहेका ६०२ जना नेपाली नागरिकका लागि कम्बोडिया सरकारबाट भिसा शुल्क तथा जरिवाना रकम मिनाहा गराई नेपाल फर्कन सहजीकरण गरिएको थियो, तर इमेल, फोन तथा ह्वाट्सएपमार्फत सम्पर्क गर्दा आइतबारसम्म निम्नबमोजिमका नेपाली नागरिकले नेपाल फर्किन तदारूकता नदेखाएको पाइएको छ ।"

तोकिएका समयमा आफ्नो मुलुक नफर्कने विदेशी नागरिकउपर कम्बोडिया सरकारले तहाँको नयाँ कानुनअनुसार अनुसन्धान गरी कसुरको प्रकृतिअनुसार पाँच लाख अमेरिकी डलरसम्मको जरिवानाका साथै आजीवन कारावाससम्मको सजाय हुने व्यवस्था गरेको पनि दूतावासले जनाएको छ । दूतावासले भनेको छ, "यसर्थ, सम्बन्धित सबै नेपाली नागरिकलाई यथाशीघ्र 'कनेक्टिङ फ्लाइट'सहितको टिकटको व्यवस्था गरी १२ जुन २०२६ भित्र नेपाल फर्किन अनुरोध गरिन्छ, साथै, उहाँहरूका परिवारजन तथा आफन्तजनमा यसै सूचनालाई आधार मानी आफ्ना प्रियजनलाई यथाशीघ्र नेपाल फर्काउने व्यवस्था मिलाउन अनुरोध गरिन्छ ।" सो क्रममा भनिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com